# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३

# Monsoon Preparedness and Response Action Plan, 2083

नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

लूम्बिनी प्रदेश, बाँके।

# बिषय सुची


**खण्ड १ : प्रारम्भिक** ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ कार्ययोजनाको उद्देश्य ........ १

१.३ २०७८ को बेमौसमी बर्षाले पारेको असर ........ २

१.४ बाढी तथा डुबानको प्रवृत्ति ........ २

१.५ वि.सं. २०८३ को मनसुनको अवस्था ........ ३

१.६ वि.सं. २०८३ सालको मनसुनको पूर्वानुमान ........ ३

१.७ वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन ........ ४

१.८ वडागत बाढी/डुबानको जोखिम तथा समुदायहरु ........ ४

१.९ वि.सं.२०८३ को मनसुनजन्य विपद्बाट प्रभावित हुने अनुमानित केसलोड ........ ७

१.१० नेपालगञ्ज उपमहानगरपालिका स्थित सरोकारवालाको स्रोत एवम् क्षमता विश्लेषण ........ ८

१.११ निकायगत भूमिका र जिम्मेवारीः ........ ९

**खण्ड २ :मनसुन पूर्बतयारी कार्य योजना २०८३** ........ १३

२.१ समन्वय, सूचना व्यवस्थापन तथा खोज तथा उद्दार विषयगत क्षेत्र ........ १३

२.२ खाद्यः कृषि शाखा विषयगत क्षेत्र ........ १४

२.३ आवास तथा गैह् खाद्य विषयगत क्षेत्र ........ १५

२.४ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र ........ १६

२.५ शिक्षा विषयगत क्षेत्र ........ १७

२.६ खानेपानी तथा सरसफाई विषयगत क्षेत्र ........ १८

२.७ संरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्र ........ १९

२.८ पुर्नलाभ तथा पुर्नस्थापन सूरक्षा विषयगत क्षेत्र ........ २०

२.९ बाढी तथा डुवान विपद् प्रतिकार्य योजनाः १ देखि ७ दिन ........ २२

# खण्ड १ : प्रारम्भिक

## १.१ पृष्ठभूमि

जटिल भू-संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपालगञ्ज उपमहानगरपालिका बहुप्रकोपको दृष्टिकोणबाट उच्च जोखिममा रहेको छ। प्रत्येक वर्ष भारी वर्षा, बाढी, चट्याड, तातो हावाको लहर, सितलहर, आगलागी, सडक दुर्घटना, वातावरणीय प्रदूषण र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट धनजनको क्षति तथा नोक्सानी हुने गरेको छ। विपद्को वार्षिक आकडालाई हेर्ने हो भने सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ। नेपालको सन्दर्भमा दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियाको वायु प्रणालीको रूपमा रहेको मनसुन हिन्द महासागरमा उत्पन्न भई बङ्गालको खाडी हुँदै जेठको अन्त्यबाट देशमा भित्रिने गर्दछ। तत्पश्चात् एक हप्ताको समयावधिमा देशभर फैलिएर चार महिना सक्रिय रही असोजको अन्त्यसँगै बाहिरिने यसको प्रकृया रहेको हुन्छ। सामान्यतया करिब ११० दिन जति मनसुन सक्रिय रहने भएता पनि हालका वर्षहरूमा भने १०-१५ दिन ढिलो गरी बाहिरिने गरेको छ। पूर्वबाट प्रवेश गरेको एक हप्तामा फैलिपर्नेमा कुनै वर्ष २-३ दिनमा नै देशभर फैलिने र कुनै वर्ष देशभर फैलिन धेरै दिन लाग्ने गरेको छ। विगत केही वर्षयता मनसुनको सुरुवाती चरणमा नै अत्यधिक वर्षा भएर बाढी तथा, डुबानका घटनाभई ठूलो क्षति भएको अवस्था छ।

नेपालगञ्ज उपमहानगरपालिका देखि नजिकको दुरीमा रहेको पश्चिम राप्ती नदीमा आउने बाढी र डुवानका कारणा धेरै परिवार तथा समुदाय विपद् जोखिममा रहेका छन्। तुलनात्मक रुपमा हरेक वर्ष दोहोरिने र एकैपटक धेरै जनसंख्यालाई प्रभाव पार्ने भएकाले उपमहानगरपालिका क्षेत्रमा डुवान मुख्य प्रकोपको रुपमा रहेको छ। यसर्थ मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना प्रतिकार्यका लागि बढी केन्द्रित रहेको पाईन्छ।

## १.२ कार्ययोजनाको उद्देश्य

- विगतका विपद्का घटना र प्रभावका तथ्याङ्कहरूको विश्लेषण गरी मनसुनजन्य विपद्को सम्भावित जोखिम पूर्वानुमान गर्नु।
- विपद् व्यवस्थापनसँग सम्बन्धित मन्त्रालय, विभाग, सुरक्षा निकाय तथा सरोकारवाला निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यजिम्मेवारी निर्धारण गर्नु।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा समन्वयात्मक र एकीकृत क्रियाकलाप तय गरी मनसुन प्रतिकार्यलाई प्रभावकारी बनाई क्षति न्यूनीकरण गर्नु।

## १.३ २०७८ को बेमौसमी बर्षाले पारेको असर

बि.स. २०७८ सालमा आएको बेमौसमी वर्षाले उपमहानगरपालिका भित्र ५९२२ घरधुरी प्रत्यक्ष रुपमा प्रभावित हुनुका साथै ८९५४१.२०८ कट्ठा जमिनमा लगाईएको धान वाली क्षति भएको थियो। हरेक बर्ष विभिन्न प्रकोपवाट क्षति व्यहोर्दै आएतापनि ठुलै क्षति भने भएको छैन।

| सिन | विवरण | प्रभावित घरधुरी | | | | मूख्य प्रभावित घरधुरी |
|---|---|---|---|---|---|---|
| | | पूर्ण क्षति घर | आशिक क्षति | विस्तापित | प्रभावित घर | |
| १ | बाढी तथा डुवान | १८ | ५० | १६० | २२० | १४,१५,१८,२० |

## १.४ बाढी तथा डुबानको प्रवृत्ति

केही वर्षयताको मनसुनको अवधिमा हुने बाढीको प्रवृत्तिलाई विल्लेषण गर्ने हो भने तराईको समथर भू-भागमा हुने बाढी तथा डुबानका घटनाका साथसाथै पहाडी, उच्च पहाडी तथा हिमाली भेगमा समेत बाढीको जोखिम बढ्दै गएको देखिन्छ। वि.सं. २०७१ र २०७४ सालको बाढीले सर्वसाधारणले उक्त बाढी तथा डुबानका घटनामा प्रभावित हुन पुग्यो।

उत्तर चुरे पहाडबाट दक्षिणतिर बग्ने डुडुवा खोलाले बाढीजन्य प्रकोपबाट यस उपमहानगरपालिकाको वडा नं. १९ र २० को खोला आसपासका क्षेत्रमा डुबान र कटानले धनजनको क्षति हुने गरेको छ। समय अनुसारको अन्जवाली तथा बेमौसमी तरकारी खेतीका साथै बगर खेतीमा समेत ठुलो नोक्सान पुर्याई रहेको छ।

बि.स. २०७८ सालमा आएको बेमौसमी वर्षाले उपमहानगरपालिका भित्र ५९२२ घरधुरी प्रत्यक्ष रुपमा प्रभावित हुनुका साथै ८९५४१.२०८ कट्ठा जमिनमा लगाईएको धान वाली क्षति भएको थियो।

अर्कोतर्फ जलवायु परिवर्तनका कारण हुने अत्यधिक वर्षा र त्यसले नित्याउने बाढी र डुबान पछिल्ला वर्षहरूमा वृद्धि हुँदै गएको छ। बेमौसमी बर्षाका कारण पनि थुप्रै स्थानहरूमा डुबान र बाढीका समस्याले सर्वसाधारणको जनजीवन अस्तव्यस्त भयो।

अर्कोतर्फ मनसुनको प्रकृति हेर्दा मनसुनको शुरुवाती अवधिमा नै अत्यधिक वर्षा हुने सम्भावना रहने र त्यसले बाढी र डुबानका समस्या सिर्जना गर्ने गरेको देखिन्छ। त्यस्तै मनसुन पश्चात समेत वर्षा (Post Monsoon Rainfall) केही दिन रही उक्त अवधिमा अत्यधिक वर्षाको सम्भावना समेत रहने क्रम विगतमा देखिने गरेको छ। वि.सं. २०७८ सालमा मनसुन बाहिरिएपछि लगत्तै भएको वर्षा र त्यसले गरेको क्षतिलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ।

मनसुन शुरु भएसंगै जटिल समस्याको रूपमा देखा पर्ने विपद्को रूपमा चटयाडलाई पनि लिन सकिन्छ।

जसबाट मानिसको मृत्यु हुने संख्या देशमा ठूलो रहेको छ। चटयाडको जोखिम वर्षभरी रहने भएतापनि मनसुनको समयावधिमा अत्यधिक रहन्छ।

बेलाबखत हुने मनसुनको अवधिमा महामारी र रोगव्याधीको सम्भावनालाई यस वर्ष पनि नकार्न सकिदैन। मनसुनको समयमा मुख्यगरी तराई जिल्ला भएकाले पनि नेपालगञ्ज उपमहानगरपालिका अत्यधिक गर्मी हुने भएकोले फोहरमैला, झिंगा, लामखुट्टे आदिको कारणबाट सरुवा रोग तथा महामारीको समस्या समेत देखिने गरेको छ।

मुख्यगरी झाडापखाला, हैजा, जन्डिस जस्ता महामारीले स्थानीय समुदायलाई सताउने गरेको पाइन्छ। त्यस्तै वर्षा र गर्मीसँगै लामखुट्टेको संक्रमण समेत मनसुनमा वृद्धि हुने हुँदा डेंगुजस्ता रोगको समस्या समेत उच्च रहने गर्दछ।


### १.५ वि.सं. २०८३ को मनसुनको अवस्था

मनसुन सुरु हुने औसत मितिभन्दा तीन दिन अगावै जेठ २८ गतेबाट भित्रिएको गत वर्षको मनसुन १२५ दिन सकृय रही असोज २६ गते देशबाट बाहिरियो। उक्त अवधिमा देशभर दैनिक १६७०.७ मि.मि. वर्षा रह्यो, जुन सरदर दैनिक कुल वर्षा (१३७९.१ मि. मि.) भन्दा २२% ले अधिक हो"। मनसुनको सुरुवाती समयमा सामान्य र औषत देखिएको वर्षा असारको दोश्रो हप्ताबाट औषतभन्दा माथि रहन पुग्यो र उक्त क्रम मनसुन अवधिभर रह्यो। त्यस्तै मनसुनको अवधिमा देशको औषत तापक्रम उत्तरी भेगमा अधिकतम ९ डिग्री सेल्सियससम्म र दक्षिणी भेगमा ३३ डिग्री सेल्सियससम्म पुग्ने गरेकोमा उक्त मनसुनको अवधिमा देशकै सबैभन्दा उच्च तापक्रम जेठ १३ गतेका दिन नेपालगञ्जमा ४४.६ डिग्री सेल्सियस मापन रहेको जल तथा मौसम विज्ञान विभागले मापन गरेको छ।

### १.६ वि.सं. २०८३ सालको मनसुनको पूर्वानुमान

२०८३ जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदर भन्दा कम वर्षा हुने सम्भावना रहेको छ। यस मनसुनमा देशका अधिकांश स्थानमा सरदर भन्दा कम वर्षा हुने सम्भावना रहेको छ। कर्णाली प्रदेशका दक्षिणी भूभाग, लुम्बिनी प्रदेशका अधिकांश भूभाग, मधेश प्रदेशका पूर्वी भूभाग र कोशी प्रदेशका दक्षिणी भूभागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ५५% देखि ६५% रहेको छ भने सुदूरपश्चिम प्रदेशका अधिकांश भूभाग, मधेश प्रदेशका पश्चिमी भूभाग र कोशी प्रदेशका मध्य भूभागमा सरदर भन्दा कम वर्षा हुने सम्भावना ४५% देखि ५५% रहेको छ। त्यसैगरी कर्णाली प्रदेशका उत्तरी भूभाग तथा कोशी प्रदेशका उत्तरी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ भने देशका बाँकी भूभागमा सरदर

भन्दा कम वर्षा हने सम्भावना ३५% देखि ४५% रहेको छ।




**चित्र नं. ८: वि.सं. २०८३ को मनसुन ऋतुको वर्षाको आकलन**

## १.७ वि.सं. २०८३ सालको मनसुनजन्य विपद्को जोखिम आकलन


यस वर्ष मनसुन ऋतुको अवधिमा देशैभर सरदरभन्दा अधिक वर्षा रहने सम्भावना विगतको तुलनामा अत्यधिक रहेको हुँदा बाढी, डुबान, जमिनी कटान, भारी वर्षा तथा आकस्मिक बाढी जस्ता मनसुनजन्य विपद्को जोखिम नेपालगञ्जमा रहेको छ। त्यस्तै उक्त अवधिमा दैनिक तापक्रम समेत वृद्धि हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरेकोले नेपालगञ्जमा तातो हावाको लहरबाट समेत सर्वसाधारण प्रभावित हुने सम्भावना रहेको छ। नेपालगञ्जमा अव्यवस्थित वसोवास तथा शहरीकरण तिव्र रुपमा बढ्दै गएको तथा कमजोर भौतिक संरचनाहरु निर्माणहुने क्रम बढ्दै गएकाले सम्भाव्य जोखिमको खतरा पनि बढ्दो छ। स्थानीय तहमा विपद् पूर्वतयारी गर्न सहज होस् भन्ने अभिप्रायले विपद्को जोखिम आकलन निम्न अनुसार गरिएको छ।

## १.८ वडागत बाढी/डुवानको जोखिम तथा समुदायहरु

| वडा नं | बाढी र डुवानको जोखिम पर्ने समुदायहरु | प्रमुख समुदाय,टोल तथा वस्तीहरु |
|---|---|---|
| १ | पहाडी, दलित, मधेसी, मुस्लिम | भट्टा टोल, कसगर टोल |

| वडा नं | बाढी र डुवानको जोखिम पर्ने समुदायहरु | प्रमुख समुदाय,टोल तथा वस्तीहरु |
|---|---|---|
| २ | दलित, मधेसी, मुस्लिम, जनजाती र व्यावसायी समुहहरु | बागेश्वरी टोल, घरवारी टोल, सेतु विक चोक |
| ३ | दलित, मुस्लिम तथा न्यून आय भएका समुदायहरु | घसियारन टोल, चमार टोल, लोधईगाउँ, लालपूर्वा |
| ४ | दलित, मुस्लिम तथा न्यून आय भएका समुदायहरु | बाबुगाउँ, कैतारीपर्वा, बसपार्क क्षेत्र, सल्यानीबाग |
| ५ | दलित, मुस्लिम, पहाडी जाती, बृद्ध, बृद्धा, न्यून आय भएका समुदायहरु तथा वालवालिकाहरु | वडा प्रहरी कार्यालय आसपास क्षेत्र, कसाई टोल |
| ६ | दलित, मुस्लिम, पहाडी जाती, बृद्धबृद्धा, न्यून आय भएका समुदायहरु तथा वालवालिकाहरु | वडा कार्यालय क्षेत्र |
| ७ | वडा भरीको सबै समुदायमा | गगनगंज |
| ८ | दलित, मुस्लिम, पहाडी जाती, बृद्धबृद्धा, न्यून आय भएका समुदायहरु तथा वालवालिकाहरु, घसियारा समुदाय | रानी तलाउ क्षेत्र, महेन्द्र पार्क क्षेत्र |
| ९ | सबै जातजाती | बाँकेगाँउ |
| १० | सबै जातजाती बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु | भृकुटीनगर, आदर्श नगर |
| ११ | दलित, मुस्लिम, पहाडी जाती, वृद्धबृद्धा, न्यून आय भएका समुदायहरु, बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, वालवालिकाहरु, तथा अपाङ्गता भएका व्यक्तिहरु | भट्टीटोल, त्रिभुवन चोक, सुनारमण्डी |
| १२ | चिडीयामार, दलित, मुस्लिम, मधेसी समुदाय, बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, वालवालिकाहरु, तथा अपाङ्गता भएका व्यक्तिहरु | बेलासपुर, मुक्तिपुर, कोरीयनपुर |
| १३ | सबै जातजातीहरु, मुस्लिम, मधेसी, ब्राह्मण | बुलबुलीया |
| १४ | दलित, मुस्लिम, मधेसी, , न्यून आय भएका समुदायहरु बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, वालवालिकाहरु, तथा अपाङ्गता भएका व्यक्तिहरु | बालेगाँउ लगायत |
| १५ | शिख, मुस्लिम, मधेसी, , न्यून आय भएका समुदायहरु, बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, वालवालिकाहरु, तथा अपाङ्गता भएका व्यक्तिहरु | जमुनाह-जयसपुर लगायत |

| वडा नं | बाढी र डुवानको जोखिम पर्ने समुदायहरु | प्रमुख समुदाय,टोल तथा वस्तीहरु |
|---|---|---|
| १६ | दलित, मुस्लिम, मधेसी, न्यून आय भएका समुदायहरु, बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, वालवालिकाहरु, तथा अपाङ्गता भएका व्यक्तिहरु | जमुनाह-जयसपुर लगायत |
| १७ | दलित, मुस्लिम,मधेसी, , न्यून आय भएका समुदायहरु, बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, वालवालिकाहरु, तथा अपाङ्गता भएका व्यक्तिहरु | परस्पुर लगायत |
| १८ | दलित, गरिव तथा जनजाती समुदायहरु बिशेष गरी गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, वालवालिकाहरु, तथा अपाङ्गता भएका व्यक्तिहरु | कारकाँदो क्षेत्र |
| १९ | दलित, गरिव तथा जनजाती समुदायहरु | बसुदेवपुर क्षेत्र |
| २० | सबै समुदायहरु | नयाँबस्ती थपुवा राझा क्षेत्र |
| २१ | सबै समुदायहरु | वडा कार्यालय क्षेत्र |
| २२ | सबै जातजाती वर्ग तथा समुदायहरु | किंगरियनपुर्वा |
| २३ | सबै जातजाती वर्ग तथा समुदायहरु | हिरमिनिया क्षेत्र |




## १.९ वि.सं.२०८३ को मनसुनजन्य विपद्बाट प्रभावित हुने अनुमानित केसलोड

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा वाढी तथा डुबानले विगतका वर्षहरुमा निकै क्षति गरेको छ बिगत २०७१ तथा २०७४ सालमा जस्तै यस वर्ष बाढी आएमा करिव ५००० घरहरु का करिव २५००० जनसंख्या प्रत्यक्ष रुपमा प्रभावित हुने आँकलन गरिएको छ। २०७९ को जस्तै २०८३ मा पनि बेमौसमी बर्षा भएमा करिव ५ हजार हेक्टरको बालीनालीमा क्षति पुग्ने आकलन छ। अव्यवस्थित वसोवास तथा शहरीकरण तिव्र रुपमा बढ्दै गएकाले तथा कमजोर भौतिक संरचनाहरु निर्माणहुने क्रम दिनानुदिन बढ्दै गएकाले सम्भाव्य जोखिमको खतरा पनि निकै रहेको छ। बिकास तथा जिविकोपार्जनका लागि गरिने कृयाकलापहरु मार्फत जोखिम न्यूनिकरण गर्ने उत्थानसिल क्षमता अभिबृद्धि गर्ने, जलवायू परिवर्तनको सामना गर्न अनुकुल हुने गरी व्यवस्था नहुन्जेलसम्म यस उपमहानगरपालिकामा जोखिम दिनप्रतिदिन बढ्दै गईरहेको छ। जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी बढेको कारण यसबाट हुने सक्ने जोखिमलाई ध्यान दिएर पूर्वतयारी गनुपर्ने देखिएको छ ।

## १.१० नेपालगञ्ज उपमहानगरपालिका स्थित सरोकारवालाको स्रोत एवम् क्षमता विश्लेषण

उपमहानगरपालिकाको विपद् प्रतिकार्य योजनाको निर्माण गर्ने क्रममा भएका छलफलमा प्राप्त सूचनाको आधारमा निम्नअनुसारको अवस्था रहेको छ।

- उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न सरकारी निकायहरूमा आपतकालिन अवस्थाको लागि पूर्वतयारीको रुपमा खाद्य सामग्रीको सच्चिति तथा भण्डारण गर्न सकिएको छैन।
- गैर खाद्य तथा अन्य खोज उद्धारको सामग्रीहरूको लागि सरकारी तथा केही गैर सरकारी संघ संस्थासँग समन्वय भएको छ।
- विपद् व्यवस्थापन कोषको स्थापना गरी उपमहानगरपालिकाले कोष परिचालन कार्यबिधी समेत तयार गरेको छ।
- आपतकालिन अवस्थामा कार्यालयमा रहेका सवारी साधन उपलब्ध गराउन सकिने अवस्था छ।
- खोज उद्धार (Search and Rescue) को लागि जनशक्ति पर्याप्त मात्रामा भएको (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल)। प्राविधिक तथा सहयोगी जनशक्ति सम्पूर्ण शाखा, सरोकारवाला तथा गैससहरूबाट उपलब्ध हुनसक्ने अवस्था छ । नेपालगञ्ज क्षेत्रमा मात्र पाँच सय सामुदायिक स्वयंमसेवक तयार पारिएको छ।
- विपद् पूर्व तथा विपद् पश्चातका घटनासम्बन्धी सूचनालाई एकिकृत रुपमा सम्प्रेषण गर्न तथा खोज र उद्धार कार्यमा सहजीकरण गर्न उपमहानगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना भई सञ्चालनमा आएको छ।
- विपद व्यवस्थापनामा लैङ्गिक समानता, आपाङ्गता तथा सामाजिक समावेशीकरण कार्य सुनिश्चित गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति कार्यान्वयन समितिलाई सकृय बनाइएको छ।
- विपद् प्रतिकार्यका लागि आवश्यक तालिम प्राप्त सामुदायिक मनोसामाजिक कार्यकर्ता र मनोविमर्शकर्ता को सूची तयार गरीएको छ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## १.११ निकायगत भूमिका र जिम्मेवारीः

| क्र. स. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | नेपालगञ्ज उपमहानगरपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको कार्य जिम्मेवारी | प्रमुख | ▪ उपमहानगरपालिका विपद् व्यवस्थापन समितिको समन्वय बैठक आयोजना गर्ने<br>▪ जानकारीको संकलन र परिस्थितिको अद्यावधिक गर्ने<br>▪ विषयगत क्षेत्रलाई सक्रिय पार्ने<br>▪ विपद् व्यवस्थापन शाखा तथा LEOC लाई प्रभावकारी बनाउने<br>▪ कार्यविभाजन गरी सबै विषयगत क्षेत्र (Cluster) लाई जिम्मेवारी सुम्पिने<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकायको परिचालन गर्न समन्वय गर्ने<br>▪ प्रदेश तथा संघ स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको) को लागि समन्वय गर्ने<br>▪ दातृ संस्था, राजनैतिक दल, विदेशी पर्यवेक्षक र सहयोगीहरु संग बैठक गर्ने<br>▪ विपद पूर्वतयारी तथा प्रतिकार्यमा लैङ्गिक समानता, आपाङ्गता र सामाजिक समावेशीकरण भएको सुनिश्चित गर्ने |
| २ | नेपालगञ्ज उपमहानगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>▪ आवास तथा पुनःस्थापना कार्य गर्ने<br>▪ विपद् व्यवस्थापन शाखा तथा LEOC लाई प्रभावकारी बनाउने<br>▪ स्रोत (आर्थिक, भौतिक, मानवीय स्रोत) परिचालन तथा समन्वय गर्ने<br>▪ विदेशी नागरिक सम्बन्धी सूचना सम्प्रेषण गर्ने |
| ३ | विपद् व्यवस्थापन शाखा | शाखा प्रमुख | ▪ स्रोत साधन परिचालन तथा समन्वय गर्ने<br>▪ स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्षको आदेश बमोजिम समितिको बैठक आयोजना गर्ने<br>▪ स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्ने |

| क्र. स. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | ▪ विपद् व्यवस्थापन सम्वन्धि अभिलेख व्यवस्थापन गर्ने<br>▪ विपद्का विषयमा जिल्ला प्रदेश तथा संघीय तहमा प्रतिवेन गर्ने<br>▪ प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन अनुसार कार्य गर्ने गराउने। |
| ४ | नगर प्रहरी | नगर प्रहरी प्रमुख | ▪ खोज तथा उद्धारका सामाग्रीहरु गैटीं, वेल्चा, फरुवा, सावेल, बन्चरो, आरी, डोरी, सिमेन्ट, काठ काटने कटरहरु, स्टेचर, अस्थाई फोल्डिङ्ग भर्याङ्ग, हेल्मेट, लाइफ ज्याकेट, वाकीटकी, भिएफएफ सेट, आदि भण्डारण गर्ने आवश्यकता अनुसार आपतकालिन समयमा सुरक्षा निकायसंग समन्वय गरी परिचालन गर्ने<br>▪ उपमहानगरपालिकाले सञ्चालन गरेको शिविरस्थलको सुरक्षा व्यवस्था मिलाउने<br>▪ अन्य सुरक्षा निकायसँग समन्वय गरी खोज तथा उद्धार कार्य गर्ने<br>▪ शव व्यवस्थापनको कार्य गर्ने |
| ५ | उपमहानगरपालिकामा रहेका राजनीतिक | दलका प्रमुखहरु | ▪ समन्वय<br>▪ स्रोत संकलनमा सहयोग<br>▪ स्वयंसेवक तथा जनपरिचालन गर्ने<br>▪ राहत वितरणमा निष्पक्षता हुनमा सहजीकरण |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति वा प्रतिनिधि | ▪ खाद्य, गैरखाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापन<br>▪ सूचना सङ्कलन तथा सर्भेक्षण कार्यमा स्वयंसेवक परिचालन गर्ने<br>▪ प्रकोपको समयमा आपतकालिन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापन गर्न |

| क्र. स. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | ▪ टेन्ट ४.५ मिटर २९५४ थान, त्रिपाल ५९०८, कम्वल १४०३२, म्याट पि फर्म ७०१६,। झुल ७०१६, डोरी ५९०८ मिटर, लुगा कपडा १४०३२ जनालाई उमेर लिंग अनुसारको , एनएफआई किट १००, आवश्यक खुला क्षेत्र ११८१६० बर्ग मिटर, सेल्टर निर्माण गर्न सक्ने ४५ जना दक्ष जनशक्ति पहिचान गरी राख्ने<br>▪ स्थानीय विपद् व्यवस्थापन समितिसंग समन्वय गरी कार्य गर्ने<br>▪ उपचारको लागि आवश्यक रगत अभाव हुन नदिन रगत संकलन कार्य विस्तार गर्ने |
| ७ | नेपालगञ्ज उपमहानगरपालिका | विषयगत शाखा प्रमुखहरु | ▪ विषयगत समितिमा रही क्षेत्रगत अगुवाको भूमिका निर्वाह गर्ने<br>▪ सामाजिक विकास शाखाले मनोसामाजिक परामर्शदाताहरुको तथ्यांक राख्ने, तालिम दिने<br>▪ स्वास्थ्य र सरसफाई शाखाले २१०४८० लिटर प्रतिदिन उपलव्ध हुने आधारमा तयारी गर्ने, ७०२ वटा अस्थायी चर्पीहरु ( ३९७ पुरुष, ३०० महिला,। ४ वटा अपाङ्गता भएका व्यक्ति, १ वटा यौनिक अल्पसंख्यकको लागि ) प्रदान गर्न तयारी गर्ने साथै पानी बोक्ने भांडा ५९०८, २० लिटरको २ वटाको दरले प्रति घर र हाइजीन किट २९५४ र गर्भवती र सुत्केरी महिलाकोलागि लागि थप ५०४ सेट तयारी अवस्थामा राख्ने। यस कार्यकोलागि रेडक्रस र अन्य संघसस्था संग समन्वय गर्ने<br>▪ सामजिक विकास शिक्षा शाखाले ५५ वटा अस्थायी सिकाई केन्द्का सामाग्रीहरु, २०७५ जना वालवालिकाकोलागि ग्रेड अनुसार शैक्षिक किट, पाठ्यपुस्तकहरु, तयारी अवस्थामा राख्ने जस्कालागि जनक शिक्षा सामाग्री, स्थानीय व्यापारी, संयुक्त राष्ट्रसंघका संस्थाहरु, गैसस, अगैसस संघ समन्वय गरी पूर्वतयारी गर्ने |
| ८ | नेपालगञ्ज उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ सुख्खा तथा तयारी खाना जस्तै, चिउरा, भुजा, बिस्कुट, पानी आदि, खाद्य सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने (कम्तिमा १ हप्ताकोलागि चिउरा ९० क्विन्टल, चाउचाउ ६०० कार्टुन, विस्कुट ३०० कार्टुन, भेली सखर ३० क्विन्टल, ल्याक्टोजिन सेरेलेस २०७५ वटा, सातु २३२ के.जी अण्डा ५०४ कयारेट) तयारी अवस्थामा राख्ने र आपतकालिन अवस्थामा उपलव्ध गराउने |

| क्र. स. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | ▪ उपमहानगरपालिका संग खाद्यान्न, गैर खाद्यान्न सामाग्रीहरु उपलव्ध गराउन अग्रिम संझौता गर्ने |
| ९ | यातायात व्यवसायीहरु | अध्यक्ष तथा प्रतिनिधी | ▪ राहत तथा उद्धार सामाग्री ढुवानी कार्यमा सहयोग र समन्वय।<br>▪ यात्रु आवागमनमा सहजिकरण तथा यातायात व्यवस्थापन। |
| १० | सञ्चार | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मी | ▪ सही सूचना संकलन तथा सम्प्रेषण ।<br>▪ जनचेतनामुलक सूचनाहरु माहामारी, हिंसा, दुरुपयोग, राहत सेवा सम्वन्धि प्रसारण<br>▪ संचारकर्मीहरुको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, आधारभूत मानविय सिद्धान्त, नेपाल सरकार तथा स्फेयर मापदण्डको वारेमा क्षमता अभिवृद्धि गर्न |
| ११ | नागरिक समाज | सयोजक | ▪ राहत तथा उद्धार कार्यमा सहयोग, समन्वय।<br>▪ मानव अधिकारको संरक्षण र सम्वर्धनमा सहयोग |
| १२ | पेशागत व्यवसायी | अध्यक्ष तथा प्रतिनिधी | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग।<br>▪ उपमहानगरपालिकाको योजना अनुसार प्रभावितहरुलाई काठ, दाउरा सहज र सुलभ रुपमा उपलव्ध गराउन।<br>▪ प्रभावितहरुलाई सीप विकास कार्य गरी आय आर्जनमा सहयोग गर्ने |
| १३ | सघंसस्था | प्रतिनिधी | ▪ उपमहानगरपालिकाको योजना अनुरुप मानव स्रोत परिचालन गर्ने।<br>▪ स्रोत संकलनमा उपमहानगरपालिकालाई सहयोग गर्ने। |
| १४ | निजी क्षेत्र | प्रमुख वा प्रतिनिधि | ▪ विपद्का प्रतिकार्य तथा राहत वितरणमा उपमहानगपालिकामा सहयोग गर्ने।<br>▪ सामाजिक उत्तरदायित्व अन्तर्गत विपद् जोखिम न्यूनिकरणमा सहयोग पुर्याउने। |

## खण्ड २ :मनसुन पूर्वतयारी कार्य योजना २०८३

### २.१ समन्वय, सूचना व्यवस्थापन तथा खोज तथा उद्दार विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | बाढी तथा डुवानको जोखिममा रहेका बस्तीहरुको पहिचान गरि पुर्व सुचना दिने र सुरक्षित रहनका संचार माध्यमबाट प्रचार प्रसार गर्ने | • नेपालगञ्ज उपमहानगरपालिका | • जल तथा मौसम बिज्ञान बिभागको कोहलपुर कार्यालय.<br>• सुरक्षा निकायहरु,<br>• स्थानीय सञ्चार माध्यम,<br>• नेपाल रेडक्रस सोसाइटी | प्रिमनसुन देखि निरन्तर |
| २ | आवश्यक न्यूनतम उद्धार सामाग्री सहित खोज तथा उद्धार योजना तयारी गर्ने | • सुरक्षा निकायहरु,<br>• नगर प्रहरी<br>• स्वयंसेवक | • सडक डिभिजन कार्यालय, जिसस<br>• निर्माण ब्यवसायी संघ | निरन्तर |
| ३ | मनसुन पुर्वतयारी योजना तर्जुमा गरी वेभसाईटमा प्रकाशन गर्ने। | • विपद् व्यवस्थापन शाखा | • सूचना प्रविधि शाखा | जेठको पहिलो हप्ता |
| ४ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई सकृया बनाउने | • स्थानीय विपद् ब्यवस्थापन समिति<br>• विपद् व्यवस्थापन शाखा | • जिल्ला आपतकालिन कार्य संचालन केन्द्र<br>• नेपाल रेडक्रस सोसाइटी | निरन्तर |
| ५ | राहत सामाग्रीहरुको उचित भण्डारण तथा अनुगमन | • नेपालगञ्ज उपमहानगरपालिका | • जिल्ला आपतकालिन कार्यसंचालन केन्द<br>• नेपाल रेडक्रस सोसाइटी | जेठको पहिलो हप्ता |
| ६ | स्थानीय विपद् ब्यवस्थापन राहत कोषमा न्यूनतम रकम राख्ने | • स्थानीय विपद् ब्यवस्थापन समिति | • आर्थिक प्रशासन शाखा | निरन्तर |
| ७ | सुरक्षा निकायहरुलाई तैनाथी अबस्थामा राख्ने | • नेपाली सेना, शसस्त्र प्रहरी,<br>• नेपाल प्रहरी | • जिल्ला विपद् व्यवस्थापन समिति<br>• स्थानीय विपद् व्यवस्थापन समिति | निरन्तर |

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| | | • नगर प्रहरी | | |
| ८ | बाढी पुर्व सूचना प्रणालीलाई थप प्रभावकारी बनाउन मोवाईल फोनको डाटा लिई सुचना प्रवाह गर्ने | • जल तथा मौसम विज्ञान बिभाग कोहलपुर कार्यालय | • जल तथा मौसम विज्ञान बिभाग<br>• जलमापन केन्द्रहरु<br>• बर्षा मापन केन्द्र | निरन्तर |
| ९ | मुख्य नदिहरुमा बाढीको बहाव मापन गरी स्थानीय आपतकालिन कार्य संचालन केन्द्रमा सुचना दिने | • स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | • जल तथा मौसम विज्ञान बिभाग<br>• जलमापन केन्द्रहरु, बर्षा मापन केन्द्र<br>• जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | निरन्तर |
| १० | बिपद्को समयमा साझा फ्रिक्वेन्सी प्रयोग गर्ने | जल तथा मौषम विज्ञान बिभागका स्थानिय ईकाई कार्यालय, | • जल तथा मौसम विज्ञान बिभाग<br>• जलमापन केन्द्रहरु, बर्षा मापन केन्द्र<br>• जिल्ला आपतकालिन कार्य संचालन केन्द्र | मनसुनको समयमा |
| ११ | स्थानिय स्वयंसेवकको गठन गर्ने | ➢ LDMC/ WDMC | • नेरेसो,<br>• क्षेत्रगत अगुवाहरु | निरन्तर |

## २.२ खाद्यः कृषि शाखा विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | खाद्य सामाग्रीको मौज्दात बिवरण अध्यावधिक गर्ने | कृषि शाखा तथा जिन्सी शाखा | खाद्य संस्थान डिपो कार्यालय,<br>बिश्व खाद्य कार्यक्रम<br>कृषि ज्ञान केन्द्र | जेष्ठको पहिलो हप्ता |
| २ | बफर स्टक राख्ने (कम्तीमा १ महिनाको लागी) | जिन्सी शाखा | खाद्य संस्थान डिपो कार्यालय,<br>बिश्व खाद्य कार्यक्रम | जेष्ठको तेश्रो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| | | | • कृषि ज्ञान केन्द्र | |
| ३ | आयोडिन युक्त नुनको आपुर्ती ब्यवस्थापन गर्ने (कम्तीमा १ महिनाको लागी) | कृषि शाखा तथा जिन्सी शाखा | खाद्य संस्थान डिपो कार्यालय<br>साल्ट ट्रेडिङ डिपो | निरन्तर |
| ४ | आफ्नो मातहतमा रहेको सवारी साधन, कृषि | कृषि शाखा तथा जिन्सी शाखा | कृषि ज्ञान केन्द्र | निरन्तर |
| ५ | प्राबिधिकहरुलाई तयारी अबस्थामा राख्ने | कृषि शाखा तथा जिन्सी शाखा | स्थानीय विपद् ब्यवस्थापन समिति | मनसुन शुरु हुनु पुर्बको समय देखी निरन्तर |

## २.३ आवास तथा गैह् खाद्य विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | समुदायमा बाढी जोखिम क्षेत्रको पहिचान गर्ने | • पूर्वाधार विकास शाखा तथा योजना शाखा | • विपद् व्यवस्थापन शाखा तथा LEOC,<br>• सुरक्षा निकायहरु<br>• नेपाल रेडक्रस सोसाइटी | जेठको पहिलो हप्ता भित्र |
| २ | अस्थायी आवास योजनाको लागी सुरक्षित स्थानको पहिचान गर्ने | • पूर्वाधार विकास शाखा तथा योजना शाखा | • विपद् व्यवस्थापन शाखा तथा LEOC<br>• सुरक्षा निकायहरु<br>• स्थानीय समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी | जेठको पहिलो हप्ता भित्र |
| ३ | आपतकालिन अबस्थामा अस्थायी आवास निर्माणका लागी प्राबिधिक सहयोग गर्ने | पूर्वाधार विकास शाखा तथा योजना शाखा | • सेल्टर क्लष्टरका सदस्यहरु<br>• नेरेसो | निरन्तर |
| ४ | अस्पताल,बिद्यालय, सुरक्षा निकाय तथा मानविय आबश्यक्ताका सामाग्री | पूर्वाधार विकास शाखा तथा योजना शाखा | • सेल्टर क्लष्टर सदस्यहरु<br>• नेरेसो | जेठको पहिलो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| | भण्डारणका लागी क्याम्प व्यवस्था गर्ने | | • शिक्षा समन्वय इकाई | |
| ५ | प्रत्येक घना बस्तीको लागी एउटा खुल्ला क्षेत्रको पहिचान गरी निर्देशिका तयार गर्ने | पूर्वाधार विकास शाखा तथा योजना शाखा बडा कार्यालय | • विपद् व्यवस्थापन शाखा, नापी शाखा<br>• नेरेसो | मनसुन शुरुहुनु पुर्ब |
| ६ | तत्काल राहत बितरणका लागी गैह्खाद्य सामाग्री व्यवस्थापन गर्ने | • नेपाल रेडक्रस सोसाइटी<br>• बडा कार्यालय | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• संघ संस्थाहरु, क्षेत्रगत सदस्य | जेठको पहिलो हप्ता |
| ७ | आपतकालिन प्रतिकार्य योजना कार्यान्वयन गर्ने | • पूर्वाधार विकास शाखा<br>• विपद् व्यवस्थापन शाखा तथा LEOC | • LDMC<br>• नेरेसो | बिपद् पश्चात |

## २.४ स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | स्वास्थ्य सम्वन्धि रोष्टर व्यवस्थापन | • स्वास्थ्य महाशाखा,<br>• सरकारी तथा निजि अस्पतालहरु | • क्लष्टर सदस्यहरु<br>• विपद् व्यवस्थापन शाखा | जेठको पहिलो हप्ता |
| २ | सरुवा रोग फैलन नदिन तयारी अबस्थामा रहने तथा सतर्कता अपनाउने | • स्वास्थ्य महाशाखा,<br>• सरकारी तथा निजि अस्पतालहरु | • स्थानिय स्वास्थ्य संस्था<br>• महिला स्वास्थ्य स्वयंसेबिका | निरन्तर |
| ३ | अत्याबश्यक औषधी तथा औषधीजन्य सामाग्री व्यवस्थापन | • स्वास्थ्य महाशाखा,<br>• सरकारी तथा निजि अस्पतालहरु | • स्वास्थ्य कार्यालय<br>• सरकारी तथा निजि अस्पतालहरु | जेठको पहिलो हप्ता |
| ४ | (बफर स्टक राखिएको) | • नेपाल रेडक्रस सोसाइटी | • स्वास्थ्य कार्यालय,<br>• सरकारी तथा निजि अस्पतालहरु | निरन्तर |

## २.५ शिक्षा विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | बाढीबाट हुनसक्ने महिला बालबालीका, जेष्ठ नागरीक तथा अपाङ्गता भएका ब्यक्तिहरुको संरक्षणको लागी क्लष्टर बैठक बसी पुर्वतयारी योजना निर्माण गर्ने | • शिक्षा महाशाखा | क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |
| २ | संरक्षण बिषयगत क्षेत्रको रणनितिक योजना निर्माण गर्ने | • शिक्षा महाशाखा | क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |
| ३ | डिगनीटी किट किशोरी किट तयारी अबस्थामा राख्ने | • शिक्षा महाशाखा | क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |
| ४ | ऋजष्मिचभल पष्त स्थानिय स्तरबाट नै बितरणको ब्यवस्था मिलाईने | • शिक्षा महाशाखा | क्षेत्रगत सदस्यहरु | बिपद पश्चात |
| ५ | परीवारबाट बिछोडिएका, अभिभावक गुमाउन सक्ने बालबालीकाका लागी तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी रकमको ब्यवस्था गर्ने | • शिक्षा महाशाखा | क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |

## २.६ खानेपानी तथा सरसफाई विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | बाढी जोखिम क्षेत्रको पहिचान गर्ने | •वातावरण तथा सरसफाई शाखा | • क्षेत्रगत सदस्यहरु, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय LDMC | जेष्ठ—असार |
| २ | बाढीको समयमा सुरक्षित खानेपानीका लागी अबश्यक ब्यवस्थापन गर्ने | •वातावरण तथा सरसफाई शाखा | • क्षेत्रगत सदस्यहरु, वास शाखा,<br>• M-WASH CC, LDMC | नियमित |
| ३ | अस्थायी शौचालय निर्माणका लागी प्राबिधिक सहयोग गर्ने (आवास ब्यवस्थापन क्षेत्रसँग सन्वय गर्ने) | •वातावरण तथा सरसफाई शाखा वा पूर्वाधार विकास शाखा | • शहरी बिकास तथा भवन डिभिजन कार्यालय<br>• खानेपानी तथा सरसफाई डिभिजन कार्यालय<br>• प्राबिधिक शाखा | बिपद पश्चात |
| ४ | बैकल्पीक खानेपानीको श्रोतको पहिचान गर्ने | •वातावरण तथा सरसफाई शाखा | • नेपालगञ्ज खानेपानी सस्थान<br>• खानेपानी तथा सरसफाई उपभोक्ता समिति<br>. | जेठको अन्तिम हप्ता |
| ५ | अस्पताल,बिद्यालय, सुरक्षा निकाय तथा मानविय आवास क्षेत्रमा, सरसफाइ किट ब्यवस्था गर्ने | • वातावरण तथा सरसफाई शाखा | • स्थानीय खानेपानी, स्वच्छता तथा सरसफाई समन्वय समिति, नेपाल रेडक्रस सोसाइटी,<br>• शहरी बिकास तथा भवन डिभिजन कार्यालय | नियमित |
| ६ | प्रत्येक घना बस्तीको लागी एउटा खुल्ला क्षेत्रमा खानेपानी तथा सरसफाईका लागी निर्देशिका तयार गर्ने | • वातावरण तथा सरसफाई शाखा | • स्थानीय खानेपानी, स्वच्छता तथा सरसफाई समन्वय समिति, क्वष्टर सदस्यहरु<br>• जिसस,उमनपा,नपा, गापा | असारको पहिलो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| ७ | WASH प्रतिकार्य योजना अनुरुप तयारी अबस्थामा रहने गरी पुर्बतयारी बैठक बस्ने | •वातावरण तथा सरसफाई शाखा | • WASH क्षेत्रगत समुह सदस्यहरु | नियमित |
| ८ | बाढीको समयमा हुनसक्ने सम्भावित क्षती तथा प्रकोपका बारेमा सामुदायीक संचार माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने | •वातावरण तथा सरसफाई शाखा | • LDMC/ LEOC | मनसुन शुरुहुनु भन्दा १ हप्ता पहिले |
| ९ | ठोस फोहोर व्यवस्थापनका लागी स्थान छनौट तथा फोहोर राख्ने भाँडाको व्यवस्थापन गर्ने | •वातावरण तथा सरसफाई शाखा | • स्वास्थ्य महाशाखा, नेरेसो, | मनसुन सुरुहुनु भन्दा पहिले |
| १० | अत्यावश्पक अबस्थामा खानेपानीका लागी टैंकर व्यवस्था गर्ने | •वातावरण तथा सरसफाई शाखा | • खानेपानी उपभोक्ता समिति, उघोग बाणिज्य संघ,<br>• खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | असारको दोश्रो हप्ता |

## २.७ संरक्षण तथा सामाजिक सूरक्षा विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | मनसुनबाट हुनसक्ने महिला बालबालीका, जेष्ठ नागरीक तथा अपाङ्गता भएका ब्यक्तिहरुको संरक्षणको लागी क्लष्टर बैठक बसी पुर्बतयारी योजना निर्माण गर्ने | • महिला तथा बालबालिका शाखा | • क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |
| २ | संरक्षण बिषयगत क्षेत्रको रणनितिक योजना निर्माण गर्ने | महिला तथा बालबालिका शाखा | क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| ३ | डिगनीटी किट तयारी अबस्थामा राख्ने (१७२ किट तयारी अबस्थामा रहेको) | महिला तथा बालबालिका शाखा | क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |
| ४ | Children Kit स्थानिय स्तरबाट नै बितरणको व्यवस्था मिलाईने | महिला तथा बालबालिका शाखा | क्षेत्रगत सदस्यहरु | बिपद पश्चात |
| ५ | परीवारबाट बिछोडिएका, अभिभावक गुमाउन सक्ने बालबालीकाका लागी तत्काल राहत तथा बन्दोबस्ती उपलब्ध गराउन सक्ने गरी रकमको व्यवस्था गर्ने | महिला तथा बालबालिका शाखा | • क्षेत्रगत सदस्यहरु | जेठको पहिलो हप्ता |

## २.८ पुर्नलाभ तथा पुर्नस्थापन सूरक्षा विषयगत क्षेत्र

| सि नं. | क्रियाकलाप | जिम्बेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | रेडियो-एफएम लगायत स्थानिय मिडिया मार्फत मनसुन पुर्बतयारी प्रचार प्रसार अभियान संचालन गर्ने | • स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC<br>• LDMC | • स्थानिय बिपद व्यवस्थापन समिति, स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | जेठ देखि असार |
| २ | वडा विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आबश्यक सतर्कता अपनाउने | • स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC, LDMC | • स्थानिय बिपद व्यवस्थापन समिति, स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | निरन्तर |
| ३ | स्थानिय स्तरमा तालीम प्राप्त स्वयंसेवक पहिचान गरी तयारी तथा परिचान गर्ने | • स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC | • स्थानिय बिपद व्यवस्थापन समिति,स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | निरन्तर |
| ४ | बाढीको पुर्वानुमान गरी न्युनतम बन्दोबस्तीका सामाग्रीहरु ब्यवस्थापन गर्ने | • स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC,<br>• पुर्वाधार विकास शाखा | • स्थानिय बिपद व्यवस्थापन समिति,स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | निरन्तर |

| | | | | |
|---|---|---|---|---|
| ५ | अस्थायी आवास व्यवस्थापनका लागी सरोकारवाला निकायमा सहजीकरणमा सहयोग गर्ने | • स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC<br>• पुर्वाधार विकास शाखा | • स्थानिय बिपद व्यवस्थापन समिति,स्थानिय रेडक्रसका स्वयंसेवक तथा उपशाखाहरु | निरन्तर |

## २.९ बाढी तथा डुवान विपद् प्रतिकार्य योजनाः १ देखि ७ दिन

| समायावधि | प्रतिकार्यका लागि गतिबिधिहरु | जिम्मेवारी | न्युन प्रभाव | मध्यम प्रभाव | उच्च प्रभाव |
|---|---|---|---|---|---|
| ० देखि १ दिनसम्म | आपतकालीन सूचना तथा तथ्याङ्क संकलन | स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC, | | ✓ | ✓ |
| | LDMC आकस्मिक बैठक | नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत | | ✓ | ✓ |
| | LEOC Activation | स्थानीय विपद् व्यवस्थापन समिति | ✓ | ✓ | ✓ |
| | तथ्याङ्क फारम-उद्धार मानव श्रोत परिचालन, | Security, LEOC, CBOs, community, NRCS, NGOs | ✓ | ✓ | ✓ |
| | दुत प्रारम्भीक लेखाजोखा | DDMC, LEOC, | | ✓ | ✓ |
| | आपतकालीन सूचना तथा तथ्याङ्क बिश्लेषण | स्थानिय बिपद व्यवस्थापन शाखा, स्वास्थ्य चौकी | ✓ | ✓ | ✓ |
| | सरक्षित स्वास्थ्य प्रेषण गर्ने | नगर प्रमख | ✓ | ✓ | ✓ |
| | LEOC Activation, Reporting | स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC | | ✓ | ✓ |
| दोश्रो दिन | सम्बन्धित निकायहरुलाई दैनिक जाहेरी | LDMC, LEOC | ✓ | ✓ | ✓ |
| | नियमित सूचना अद्यावधिक | स्थानिय बिपद व्यवस्थापन शाखा LEOC | | ✓ | ✓ |
| | तथ्यांक संकलन-विश्लेषण | स्था स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC | | ✓ | ✓ |
| | उद्धार-सुरक्षा | पूर्वाधार शाखा | | ✓ | ✓ |
| | अस्थायी आश्रय स्थलको व्यवस्थापन | LDMC | | ✓ | ✓ |
| | राहत वितरण, Food and Non Food items | बडा कार्यालय, स्वास्थ्य महाशाखा र स्वास्थ्य कल्स्टर | | ✓ | ✓ |
| | बिरामी तथा घाइतेहरुको उपचारको व्यवस्था | LDMC/WDMC | | | ✓ |
| | राहत संकलन आहवान | LDMC/WDMC one door system | | | ✓ |
| | राहत वितरण | स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC | ✓ | ✓ | |
| | Reporting to DEOC | LEOC | | ✓ | ✓ |
| | सम्बन्धित निकायहरुलाई दैनिक जाहेरी | DDMC | | ✓ | ✓ |

| | | | | | |
|---|---|---|---|---|---|
| तेश्रो दिन | कार्य प्रगती समिक्षा तथा ब्रृहत् माग | स्थानीय तह, नेपाल प्रहरी र नेरेसो उपशाखा | | ✓ | ✓ |
| | विस्तृत घरधुरी सर्वेक्षण र क्षतिको आकलन | स्थानीय तह, स्थानीय  विपद् व्यवस्थापन समिति | | ✓ | ✓ |
| | क्षेत्रगत अगुवाहरु र सरोकारवाला निकायसंग | स्थानीय  विपद् व्यवस्थापन समिति | | ✓ | ✓ |
| | नामावली पेश गरी क्षतिको विवरण सम्बन्धित | LEOC | | ✓ | ✓ |
| चौथो दिन | सम्बन्धित निकायहरुलाई दैनिक जाहेरी | स्थानीय सरोकारवाला निकाय, | | ✓ | ✓ |
| | आवश्यक राहत सामग्री व्यवस्था मिलाउने | दातृ निकाय, स्थानीय  विपद् व्यवस्थापन समिति, स्थानीय तह | | ✓ | ✓ |
| | सुरक्षित स्थानको पहिचान गरि राहत सामग्री | स्वास्थ्य र वास कलस्टर | | ✓ | ✓ |
| | स्वास्थ्य तथा वासका गतिविधिहरु सँचालन | LDMC, वातावरणसरसफाई शाखा | | ✓ | ✓ |
| | पशु चौपायाको शव व्यवस्थापन तथा अन्य | LEOC पशु सेवा शाखा | | ✓ | ✓ |
| पाँचौ दिन | सम्बन्धित निकायहरुलाई दैनिक जाहेरी | LDMC, नेपाल प्रहरी र नेरेसो उपशाखा | ✓ | ✓ | ✓ |
| | विस्तृत घरधुरी सर्वेक्षण अद्यावधिक | स्थानीय  विपद् व्यवस्थापन समिति | | ✓ | ✓ |
| | विषयगत क्षेत्रगत अगुवा निकायहरुको बैठक | सम्बन्धित कलस्टरहरु, बडा कार्यालय | | ✓ | ✓ |
| | आपतकालीन राहत वितरण | स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC बडा कार्यालय | | ✓ | ✓ |
| छैठौ दिन | सम्बन्धित निकायहरुलाई दैनिक जाहेरी | बडा विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति | | ✓ | ✓ |
| | विस्तृत घरधुरी सर्वेक्षणको आधारमा खाद्यान्न | LDMC, गैसस, रेडक्रस, सुरक्षा निकाय | | | ✓ |
| | अस्थायी आवास व्यवस्थानको अद्यावधिक | पूर्वाधार विकास समिति, गैसस, रेडक्रस, सुरक्षा निकाय, | | | ✓ |
| | सार्वजनिक संरचना क्षतिको लेखाजोखा तथा अस्थायी मर्मत | स्थानिय बिपद व्यवस्थापन शाखा तथा पूर्वाधार शाखा | | | ✓ |
| | स्वास्थ्य शिविर | स्वास्थ्य महाशाखा तथा स्वास्थ्य सरोकारवाला | | | |
| | सरसफाई | खानेपानी तथा सरसफाई शाखा, समुदाय, स्थानीय क्लब, | | ✓ | ✓ |
| | सम्बन्धित निकायहरुलाई दैनिक रिपोर्टिङ्ग | स्थानिय बिपद व्यवस्थापन शाखा तथा LEOC | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सातौं दिन ० देखि १ दिनसम्म | LDMC तथा विषयगत निकायहरुको बैठक | खाद्यान्न तथा जिविकोपार्जन कलस्टर र विश्व खाद्य कार्यक्रम | | ✓ | ✓ |
| | खाद्य सामाग्री (चामल, दाल, नुन, तेल आदि) वितरण | स्थानीय विपद व्यवस्थापन समिति र बडा विपद व्यवस्थापन समितिको समन्वयमा वास कलस्टर र सहयोगी संस्थाहरु | ✓ | ✓ | ✓ |
| | खानेपानी तथा सरसफाइ | स्थानीय विपद व्यवस्थापन समिति र वडा विपद व्यवस्थापन समितिको समन्वयमा सेन्टर कलस्टर र सहयोगी संस्थाहरु | | ✓ | ✓ |
| | आवास व्यवस्थापन | DDMC, LDMC | | ✓ | ✓ |
| | नगद राहत वितरण | LDMC को समन्वयमा स्वास्थ्य कलस्टर र सहयोगी संस्थाहरु | ✓ | ✓ | ✓ |
| | मौसम सम्वन्धि जानकारी दिने | LEOC, हावापानी कार्यालय, मौसम कार्यालय, मेडिया | ✓ | ✓ | ✓ |
| | स्वास्थ्य शिविर संचालन | DDMC, LDMC, प्रदेश सरकार, संघिय कार्यालय | | ✓ | ✓ |
| | मौसम जोखिम आकलन तथा सूचना प्रेषण | कार्य गर्ने सम्बन्धित निकाय र LDMC & LEOC | | | ✓ |